

## नेपाली सांसद

- बद्री पौडेल

न्यू योर्क , सं. रा. अमेरिका

क ख लेख्न नजाने पनि के भो
आदर्श छाट्न जानेकै छु
नेपालको  सांसद बनेकै छु
६०१ मा परेकै छु ।

हत्या, लुटपाट, घुस, फ़ौज्दारी मुद्दा
थिए ति सब बिगतका कुरा
सांसद बने पछि सबै माफ़
चोखिने धोको भैगयो पुरा ।

संबिधान कुन जन्तुको नाम जान्नै किन पर्यो ?
कपाल काट्न जानेकै छु
पार्टी नेताले जे जे भन्छन
चुपचाप सबै मानेकै छु ।

तलब भत्ता सुबिधा सबै गरी
मैनाको एक लाख खाएकै छु
यदा कदा सांसद ज्यू भनि
नमस्ते पनि पाएकै छु ।

यो सांसदको कुर्सी छ मलाइ धेरै प्यारो
एकपल्ट फुत्क्यो भने फ़ेरि पाउन धेरै गार्हो
त्यसैले ,
१०  बर्ष अझै संबिधान चाहिदैन
अर्थमन्त्री बन्ने मेरो धोको तुहाउन पाइदैन ।

कलम चलाउन नजाने पनि के भो
बन्दुक चलाउन जानेकै छु
नेपालको सांसद बनेकै छु
६०१  मा परेकै छु ।